जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २३२ | २०८२ साल चैत २४ गते मंगलवार | Tuesday-07-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## बारागढी गाउँपालिकाको हिउँदे गाउँ सभा सम्पन्न, अधुरा योजनालाई प्राथमिकता

***रूपेश यादव***
***बारा, २३ चैत***

बारागढी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत हिउँदे गाउँ सभा सम्पन्न भएको छ। मंगलबार गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष अशोक जयसवाल र उपाध्यक्ष लक्ष्मी देवी रायले संयुक्त रूपमा उद्घाटन गरेका थिए।




सभाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको समीक्षा गर्दै आवश्यक बजेट संशोधन गर्ने निर्णय गरेको छ। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मुकेश कुमार मिश्रले स्वागत मन्तव्य व्यक्त गर्दै आगामी दिनमा प्रशासनिक कामदेखि विकास निर्माणका गतिविधिलाई थप प्रभावकारी रूपमा अघि बढाइने विश्वास व्यक्त गरे।

सभालाई सम्बोधन गर्दै अध्यक्ष जयसवालले आफ्नो चार वर्षे कार्यकालमा पालिकावासीका अपेक्षाअनुसार अधिकांश योजना सफलतापूर्वक कार्यान्वयन गरिएको दाबी गरे। उनले बारा जिल्लाका १६ वटा स्थानीय तहहरूमध्ये विकास निर्माण र सेवा प्रवाहका हिसाबले बारागढी गाउँपालिका अग्रस्थानमा रहेको उल्लेख गरे।

सभामा प्रस्तुत प्रगति प्रतिवेदनमाथि विस्तृत छलफल गर्दै विभिन्न योजनाहरूको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरिएको थियो। शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकासका कार्यक्रमलाई प्राथमिकतामा राख्दै आगामी कार्ययोजना तय गरिएको गाउँपालिकाले जनाएको छ।

अध्यक्ष जयसवालले आगामी आर्थिक वर्षमा नयाँ योजना ल्याउनु भन्दा पनि पुराना तथा अधुरा योजनाहरूलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे। यस निर्णयले विकासका कामलाई निरन्तरता दिने र सेवा प्रवाहलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

कार्यक्रममा गाउँपालिकाका शाखा प्रमुख, वडा नं. १ देखि ६ सम्मका वडा अध्यक्ष, सदस्यहरू, गाउँ सभा सदस्य, जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकायका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

## मालपोत कार्यालय कलैयामा सिडिओसहितको टोलीको अनुगमन, ढिलासुस्ती नगर्न कडा निर्देशन

***शु.आ. सम्बाददाता***
***बारा, २३ चैत***

भूमि सुधार तथा मालपोत कार्यालय कलैयामा बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रसहित सुरक्षा निकायका प्रमुखहरूको संयुक्त टोलीले सोमबार अनुगमन तथा निरीक्षण गरेको छ। सरकारी सेवा प्रवाहलाई पारदर्शी, छिटो-छरितो र जनमैत्री बनाउने उद्देश्यसहित उक्त अनुगमन गरिएको हो।




अनुगमनका क्रममा टोलीले कार्यालयको आन्तरिक व्यवस्थापन, कर्मचारीहरूको उपस्थिति, कार्य सम्पादनको अवस्था तथा सेवाग्राहीले भोग्नुपरेका समस्याबारे प्रत्यक्ष जानकारी लिएको थियो। सो अवसरमा प्रजिअ मिश्रले विभिन्न फाँटमा पुगेर कर्मचारीहरूलाई सेवाग्राहीको काममा ढिलासुस्ती नगर्न र कानुनसम्मत कार्यलाई प्राथमिकता दिन निर्देशन दिएका छन्। उनले जनतालाई सास्ती खेप्नुपर्ने अवस्था आए सम्बन्धित कर्मचारी नै जिम्मेवार हुने स्पष्ट पारे।

निरीक्षणका क्रममा कार्यालय परिसरमा अनाधिकृत रूपमा प्रवेश गरी सेवाग्राहीलाई भ्रममा पार्ने तथा काम छिटो गराइदिने बहानामा रकम असुल्ने गतिविधि भए/नभएको विषयमा समेत निगरानी गरिएको थियो।

अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, कार्यालय प्रमुख सालिकराम ढकाल, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गणका गणपति विशाल सिलवाल तथा राष्ट्रिय अनुसन्धान विभागका उपनिर्देशक सरोज निरौलालगायतको सहभागिता रहेको थियो।

प्रजिअ मिश्रले सार्वजनिक निकायबाट सेवा प्रवाहमा ढिलासुस्ती गर्ने, घुसखोरीलाई प्रश्रय दिने वा सेवाग्राहीलाई दुःख दिने गतिविधिविरुद्ध शून्य सहनशीलताको नीति अपनाइएको बताए। उनले आगामी दिनमा यस्ता छड्के अनुगमनलाई निरन्तरता दिइने र जिल्लाका अन्य सरकारी कार्यालयहरूमा समेत सुधार अभियानलाई तीव्रता दिइने जानकारी दिएका छन्।

## रौतहटको पर्यटन कार्यालयमा अनियमितता आरोपः सरुवा भए पनि काफ्लेमाथि प्रभाव कायम रहेको गुनासो

***शु.आ. सम्बाददाता***
***रौतहट, २३ चैत***

उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय गौरमा योजनाको अनियमित वितरणसम्बन्धी विवाद चर्किएको छ। ६३ लाख रुपैयाँ बराबरको कन्टिन्जेन्सी रकममा अनियमितता गरेको आरोपमा कार्यालयका तत्कालीन प्रमुख राजेश काफ्लेलाई सरुवा गरिए पनि उनी अझै कार्यालयका गतिविधिमा प्रभाव कायम राख्दै आएको गुनासो उठेको छ।




सेवाग्राही तथा कर्मचारीहरूका अनुसार सरुवा भइसकेपछि पनि काफ्लेले पुरानो मितिमा योजनाहरूको चिठ्ठी वितरण गरिरहेको प्रमाणहरू भेटिएका छन्। उनीले आफ्नो पहुँच र प्रभाव प्रयोग गर्दै कार्यालयमा कामकाज व्यवस्थित हुन नदिएको तथा योजनाहरू मनपरी रूपमा वितरण गरिरहेको आरोप लागेको छ। यसले कार्यालयको नियमित कामकाज प्रभावित हुनुका साथै जिल्लाभरका सयौं योजनाहरू अलपत्र पर्ने जोखिम बढाएको सरोकारवालाहरू बताउँछन्। यसैबीच, मधेश प्रदेश सरकारले काफ्लेलाई सरुवा गरी कमलेश कुमार मिश्रलाई कार्यालय प्रमुखको जिम्मेवारी दिएको छ। तर पनि काफ्लेले विगतको सम्बन्ध र प्रभावको आडमा कार्यालयमा आफ्नो प्रभुत्व कायम राख्न खोजिरहेको आरोप लागेको छ।

स्थानीयवासीले यस अवस्थालाई सुशासन र कानुनी व्यवस्थामाथिको चुनौतीका रूपमा लिँदै तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्। उनीहरूले अनियमिततामा संलग्न व्यक्तिलाई संरक्षण गर्नु राज्य संयन्त्रकै कमजोरी भएको टिप्पणी गरेका छन्।

यस विषयमा मधेश प्रदेश सरकार, मुख्यमन्त्री तथा सम्बन्धित मन्त्रालयहरूले गम्भीर ध्यान दिनुपर्ने देखिएको छ। सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न प्रभावकारी निगरानी र स्पष्ट कानुनी कारबाही अपरिहार्य रहेको सरोकारवालाहरूको जोड छ। अनियमितता नियन्त्रण नगरे जनविश्वासमा गम्भीर असर पर्ने चेतावनी दिँदै स्थानीय तहदेखि प्रदेश सरकारसम्म जिम्मेवार निकायलाई तत्काल हस्तक्षेप गर्न आग्रह गरिएको छ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस्।**

**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं।**

## कुवेतमा रौतहटका युवा अलपत्र, लाखौं खर्चिएपछि कोठामै कैदजस्तो जीवन

***शु.आ. सम्बाददाता***
***रौतहट, २३ चैत***

वैदेशिक रोजगारीको आकर्षक सपना बोकेर कुवेत पुगेका रौतहटका एक युवक अहिले निराशा र कठिन अवस्थासँग जुधिरहेका छन्। एजेन्टको झुटो आश्वासनका कारण उनी चार महिनादेखि कामविहीन अवस्थामा कोठामै सीमित हुन बाध्य भएका हुन्। कटहरिया नगरपालिका-३, बिर्ती प्रष्टोकाका २४ वर्षीय सन्दीप यादवले करिब २ लाख ८९ हजार रुपैयाँ खर्च गरेर छ महिनाअघि कुवेत गएका थिए। आकर्षक तलब, सहज काम र राम्रो सुविधा दिने प्रलोभनमा उनीसहित पाँच जना युवक विदेश पठाइएका थिए। तर, त्यहाँ पुगेको केही दिनमै उनीहरूको सपना चकनाचुर भयो।



वाचा गरिएको कामभन्दा फरक, सन्दीपलाई शौचालय सफा गर्ने र फोहोर व्यवस्थापनजस्ता काममा खटाइयो। आवश्यक सुरक्षाका सामग्रीसमेत उपलब्ध नगराइएको उनले गुनासो गरेका छन्। "कमाइ त छ, तर खर्च धान्नै गाह्रो छ," सन्दीपले भने, "महिनाको १०० दिनारमध्ये आधाभन्दा बढी खर्चिएपछि बचत नाममात्र हुन्छ।" निराशा बढेपछि उनले नेपाल फर्किन एजेन्टसँग आग्रह गरे। सुरुमा आश्वासन दिए पनि पछि ४५० दिनार थप माग गर्दै दबाब दिइएको उनले बताए। रकम जुटाउन नसकेपछि एजेन्ट सम्पर्कविहीन भएको छ। दुई महिना काम गरेपछि काम छोडेका सन्दीप अहिले चार महिनादेखि बेरोजगार छन्। उनले पाउनुपर्ने तलबसमेत नपाएको बताएका छन्। उनीसहित पाँचै जना एउटै कोठामा न्यूनतम सुविधा बिना बसिरहेका छन्–ओछ्यान, पर्याप्त खाना र आधारभूत सुविधाको अभाव छ।

सम्बन्धित कम्पनीले सुरुमा केही महिनाभित्र घर फर्काउने आश्वासन दिएको भए पनि अहिले उनीहरूको समस्या सुन्ने कोही नभएको पीडितहरूको भनाइ छ। मेनपावर कम्पनी र एजेन्ट दुवै सम्पर्कबाहिर रहेका छन्। यो घटना वैदेशिक रोजगारीको नाममा हुने ठगी र गैरजिम्मेवारीको गम्भीर उदाहरणका रूपमा देखिएको छ। लाखौं रुपैयाँ असुलेर युवाहरूलाई अलपत्र पार्ने प्रवृत्तिमाथि नियन्त्रण कहिले हुने भन्ने प्रश्न फेरि उठेको छ। पीडित सन्दीप र उनका साथीहरू भने अझै आशामा छन्। सरकारको पहलबाट उद्धार र न्याय पाउने छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### सडक निर्माण अलपत्रः विकासमा ढिलासुस्तीको दुष्चक्र

देशभर सडक निर्माणका थुप्रै योजना वर्षौंदेखि अलपत्र अवस्थामा छन् । विकासको मेरूदण्ड मानिने सडक पूर्वाधारमै यस्तो ढिलासुस्ती देखिनु राज्य संयन्त्रको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाउने विषय हो । बजेट विनियोजनदेखि ठेक्का व्यवस्थापन र कार्यान्वयनसम्मका चरणमा देखिने कमजोरीले आम नागरिकले सास्ती खेपिरहेका छन् ।

निर्माण सुरू भएका सडकहरु समयमै सम्पन्न नहुँदा स्थानीयवासीले धुलो, हिलो, दुर्घटनाको जोखिम र आवतजावतमा कठिनाइ झेल्नुपरेको छ । वर्षायाममा यस्ता सडक झन् जोखिमपूर्ण बन्ने गर्छन् भने सुक्खायाममा धुलोले जनस्वास्थ्यमा प्रत्यक्ष असर पारिरहेको हुन्छ । व्यवसाय, शिक्षा र स्वास्थ्य सेवामा समेत यसको नकारात्मक प्रभाव देखिएको छ ।

योजनाहरु अलपत्र हुनुका पछाडि ठेकेदारको लापरबाही, अनुगमनको अभाव, समयमै भुक्तानी नहुनु, राजनीतिक हस्तक्षेप र कमजोर प्रशासनिक समन्वय प्रमुख कारणका रुपमा देखिएका छन् । कतिपय अवस्थामा ठेक्का सम्झौताअनुसार काम नगर्ने निर्माण कम्पनीहरुलाई कारबाही गर्ने प्रभावकारी संयन्त्रको अभाव पनि समस्या जटिल बनाउने तत्व हो ।

सरकारले प्रत्येक वर्ष ठूलो बजेट सडक पूर्वाधारमा विनियोजन गरे पनि त्यसको प्रतिफल जनताले समयमै पाउन सकेका छैनन् । योजनाको प्राथमिकता निर्धारणदेखि कार्यान्वयनसम्म पारदर्शिता र उत्तरदायित्वको कमीले विकासप्रति जनविश्वास घट्दै गएको छ ।

अब आवश्यक छ–कडा अनुगमन, ठेकेदारमाथि समयमै कारबाही, काम सम्पन्न गर्न स्पष्ट समयसीमा र जिम्मेवारी निर्धारण । साथै, गुणस्तरमा सम्झौता नगरी दीर्घकालीन रुपमा टिकाउ सडक निर्माणमा ध्यान दिनु अपरिहार्य छ । सडक निर्माणलाई राजनीतिक नाराभन्दा माथि उठाएर जनताको आधारभूत अधिकारको रुपमा हेर्नुपर्ने समय आएको छ । अन्यथा “अलपत्र सडक” विकासको नाममा दोहोरिने पुरानै कथा रहेको छ ।

# देश जोड्ने विद्यालय शिक्षा



**वीणा झा**

‘सबै काम आफैं गरेर दिन्छु’ भन्दा पनि समाजका हरेक व्यक्तिको योगदान देश निर्माणका लागि अपरिहार्य छ भन्ने सन्देश बुझाउन जरुरी छ । त्यसैले बढीभन्दा बढी स्थानीय रूपमा उपलब्ध स्रोतसाधनको सही सदुपयोग गर्दै पाइला चाल्नुको विकल्प अब बन्ने सरकारसँग छैन ।

नव शरीरको संरचनामा नसाहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । जब आकस्मिक स्वास्थ्य अवस्था (इमर्जेन्सी) सिर्जना हुन्छ, त्यही नसाहरूको माध्यमबाट औषधि शरीरमा छिटो पुऱ्याइन्छ र बिरामीलाई तत्काल सामान्य अवस्थामा ल्याउने प्रयास गरिन्छ । त्यसपछि मात्र रोगको पहिचान, परीक्षण र उपचारको प्रक्रिया अघि बढ्छ । यो वैज्ञानिक यथार्थलाई हामीले आजको नेपालको समग्र अवस्थासँग तुलना गर्न सक्छौं । विशेषतः राजनीतिक र सामाजिक प्रणालीमा विद्यालय शिक्षा त्यही ‘नसा’ जस्तै हो- जहाँबाट समाजमा सकारात्मक परिवर्तनका ‘औषधि’हरू छिटो र प्रभावकारी रूपमा प्रवाह गर्न सकिन्छ ।

आजको नेपालको राजनीतिक अवस्थालाई हेर्दा, नयाँ शक्ति र विचार बोकेको राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता दलहरूले निकै संवेदनशीलता र धैर्यका साथ आफ्नो भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । समाज परिवर्तन एकैचोटि सम्भव हुँदैन, यसका लागि चरणबद्ध योजना, स्पष्ट दृष्टिकोण र सही प्राथमिकता आवश्यक हुन्छ । दुर्भाग्यवश, हाम्रो रणजनीतिमा एउटा विकृति गहिरो रूपमा बसेको छ- हरेक काममा आफू र आफ्नालाई विज्ञ ठान्ने प्रवृत्ति । यो सोचले न त संस्थागत विकासलाई सहयोग गर्छ, न त दीर्घकालीन सुधारलाई नै । हरेक क्षेत्रका आफ्नै विशेषज्ञ हुन्छन् र सफल समाज निर्माणका लागि तिनै विशेषज्ञताको सम्मान र उपयोग अपरिहार्य हुन्छ ।

अब बन्ने नयाँ सरकारले विद्यालय शिक्षालाई पहिलो प्राथमिकतामा राख्नु अत्यन्त आवश्यक देखिन्छ । विद्यालय शिक्षा भनेको केवल पाठ्यपुस्तकको ज्ञान होइन, यो समाज निर्माणको आधारशिला हो । यदि हामीले विद्यालय तहलाई सुदृढ बनाउन सक्यौं भने, त्यसको सकारात्मक प्रभाव सम्पूर्ण राष्ट्रमा फैलिन्छ । त्यसैले सुधारको पहिलो पाइला यहींबाट सुरु हुनुपर्छ । पाठ्यक्रम विकास केन्द्रले तयार पारेका पठन सामग्री र शिक्षक निर्देशिकाहरू गुणस्तरीय र सान्दर्भिक छन् । तर विडम्बना, अधिकांश विद्यालयले ती सामग्रीको सही उपयोग गरेको भेटिँदैन । विद्यार्थीमाथि अनावश्यक पुस्तकको बोझ थप्ने, कक्षा १ जस्ता साना बालबालिकाले समेत १०-१३ वटा पुस्तक बोकेर विद्यालय जानुपर्ने अवस्था थुप्रै विद्यालयमा यथावत् छ । नेपालमा सामुदायिक विद्यालयहरूको अवस्था सुधार्नका लागि धेरै युवाले उदाहरणीय काम गरिरहेका छन् । कतिपयले ओझेलमा बसेर पनि गुणस्तरीय शिक्षामा योगदान दिइरहेका छन् । टिच फर नेपाल, युनाइटेड वर्ल्ड स्कुलजस्ता संस्थाहरूले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा शिक्षा सुधारका लागि उल्लेखनीय प्रयास गरेका छन् । यस्ता संस्थाहरूका मोडेलहरूको गहिरो अध्ययन गरी तिनलाई राष्ट्रियस्तरमा विस्तार गर्न सकिन्छ । अर्कोतर्फ, देश-विदेशमा अध्ययनरत कलेजका विद्यार्थीलाई पनि शिक्षा सुधारमा संलग्न गराउन सकिन्छ । उनीहरूको समय, ऊर्जा र ज्ञानलाई ‘सिकाइ सहजीकरण’ मा प्रयोग गर्न सकिन्छ । यसले विद्यालयहरूमा नयाँ उत्साह ल्याउने मात्र होइन, विद्यार्थीलाई पनि प्रेरित गर्नेछ ।

विभिन्न स्थानमा ‘सिकाइ चौतारी’ स्थापना गरेर सामुदायिक सहभागिता बढाउन सकिन्छ । साथै, स्थानीय तहमा विज्ञहरूको रोस्टर तयार गरी आवश्यकताअनुसार उनीहरूको ज्ञान र अनुभवलाई प्रयोग गर्न सकिन्छ । हाम्रो समाजमा यस्ता थुप्रै ‘हीरा’ छन्, जसको पहिचान र उपयोग अझै हुन सकेको छैन । शिक्षा सुधारको पहिलो प्रयासको रूपमा, राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेका सिकाइ सामग्रीहरूको प्रभावकारी प्रयोग गर्नुपर्छ । शिक्षकहरूका लागि तयार गरिएका मार्गदर्शन पुस्तकहरूलाई व्यवहारमा लागू गर्न आवश्यक छ । केवल छोटो अवधिको तालिम दिने प्रशिक्षकभन्दा पनि, कम्तीमा एक शैक्षिक सत्रभरि विद्यालय र विद्यार्थीसँग बसेर सिकाइ प्रक्रियामा सहभागी हुने व्यक्तिहरूको आवश्यकता छ ।

यस्तो भूमिकामा कलेज पढ्ने विद्यार्थीहरू, शिक्षाप्रति रुचि राख्ने स्वयंसेवकहरू र अनुभवी व्यक्तिहरूलाई जोड्न सकिन्छ । दोस्रो महत्वपूर्ण पक्ष भनेको, विद्यालयका विद्यार्थीलाई आफ्नो समाजसँग जोड्नु हो । आजको शिक्षा प्रणालीले विद्यार्थीलाई आफ्नो परिवेशभन्दा टाढा लैजाने प्रवृत्ति देखिन्छ । तर, साँचो शिक्षा भनेको पहिला आफ्नै समाज, संस्कृति र परिवेशलाई बुझ्नु हो । त्यसैले विद्यालय तहमा ‘स्वदेश भ्रमण’लाई प्राथमिकता दिनुपर्छ । आफ्नै गाउँ, सहर र संस्कृतिलाई बुझ्ने अवसर पाउँदा विद्यार्थीमा देशप्रेमको भावना विकास हुन्छ ।

विश्व भ्रमण त उनीहरूले पछि पनि गर्न सक्छन् तर आफ्नो जरा चिन्ने अवसर विद्यालयमै दिनुपर्छ । तेस्रो पक्ष, शिक्षण पद्धतिसँग सम्बन्धित छ । ग्रामीण क्षेत्रका विद्यालयमा सानै उमेरदेखि अंग्रेजी भाषाको अत्यधिक दबाब दिइँदा सिकाइ प्रक्रिया नै अवरुद्ध हुने गरेको छ । जुन उमेरमा बच्चाले आफ्नो मातृभाषामा राम्रोसँग सोच्न र बुझ्न सकिरहेको हुँदैन, त्यस समयमा उसलाई विदेशी भाषामा जबर्जस्ती सिकाउँदा शिक्षक र विद्यार्थी दुवैलाई कठिनाइ हुन्छ । त्यसैले प्रारम्भिक तहमा मातृभाषामा आधारित शिक्षालाई प्रोत्साहन गर्दै क्रमशः अन्य भाषाहरू समावेश गर्नुपर्छ । अन्ततः विद्यालय शिक्षा सुधार कुनै एक दिनको काम होइन ।

यो निरन्तर प्रयास, सहकार्य र स्पष्ट दृष्टिकोणको परिणाम हो । यदि हामीले विद्यालय शिक्षालाई प्राथमिकतामा राखेर चरणबद्ध रूपमा सुधार गर्दै गयौं भने नेपालले दीर्घकालीन रूपमा सक्षम, सचेत र जिम्मेवार नागरिक उत्पादन गर्न सक्छ । तिनै नागरिकले भविष्यमा देशको नेतृत्व गर्नेछन् र समृद्ध नेपालको आधार तयार पार्नेछन् । अर्को महत्वपूर्ण पाटो भनेको विद्यालय र समुदायबीचको जुन विश्वासको सम्बन्ध रहेको हुन्छ, त्यसलाई उपयोग गर्दै विद्यालयका विद्यार्थी र तिनका परिवारलाई आर्थिक उपार्जनसँग जोड्दै सशक्तीकरणका नवीनतम सोचका साथ समाज सुहाउँदो कार्यक्रमहरू सञ्चालन गर्नु हो ।

उत्पादनमा तिनका पारम्परिक ज्ञान र सोचलाई जोड्दै आर्थिक समृद्धिको आधार सिर्जना गर्न सकिन्छ । यसले तिनको दैनिक जीवन सहज बनाउँछ र प्रत्यक्ष वा परोक्ष रूपले सिकाइको वातावरण निर्माणमा सकारात्मक भूमिका खेल्न सक्छ । अपेक्षाहरू थुप्रै छन् तर स्रोतसाधन सीमित । यस्तोमा बढीभन्दा बढी स्थानीय रूपमा उपलब्ध स्रोतसाधनको सही सदुपयोग गर्दै पाइला चाल्नुको विकल्प अब बन्ने सरकारसँग छैन । ‘सबै काम आफैं गरेर दिन्छु’ भन्दा पनि समाजका हरेक व्यक्तिको योगदान देश निर्माणका लागि अपरिहार्य छ भन्ने सन्देश बुझाउन जरुरी छ ।

झा, समाजशास्त्री हुन् ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी
डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०, ९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर
दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा

## अन्तराष्ट्रिय समाचार

# ट्रम्पको चेतावनीपछि इजरायलले गऱ्यो इरानी ग्यास उद्योग परिसरमा आक्रमण

***तेहरान -*** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुजको जलमार्ग स्वतन्त्र आवागमनका लागि पुनः नखोलिएमा नागरिक पूर्वाधार ध्वस्त पार्ने चेतावनीको समयअवधि सकिनै लागेको समय सोमबार इजरायलले इरानको सबैभन्दा ठूलो ग्यास उद्योग परिसर (पेट्रोकेमिकल कम्प्लेक्स)मा आक्रमण गरेको छ ।



अमेरिका र इजरायलले इरानी संरचना र नेतृत्वलाई निशाना बनाएपछि इरानले बदलामा इजरायल, कुवेत र संयुक्त अरब इमिरेट्सविरुद्ध ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको थियो । इजरायली आक्रमणमा सोमबार एक इरानी सेना (रिभोलुसनरी गाड्र्स)का कमाण्डरको मृत्यु भएको थियो ।

राष्ट्रपति ट्रम्पले सर्वसाधारण लक्ष्यमा आक्रमण गरेमा इरानले पनि अझ बढी विनाशकारी आक्रमण हुने बताएको छ।अमेरिकी राष्ट्रपति ट्रम्पले आइतबार चेतावनी दिँदै भनेका थिए, 'यदि तेहरानले 'हर्मुज जलमार्गमा आक्रमण मङ्गलबार बेलुका ८:०० बजे सम्म जहाजको लागि पुनः खोल्ने आफ्नो मागलाई स्वीकार गरेन भने इरानी पुल र पावर प्लान्टहरूमा अमेरिकाले आक्रमण गर्नेछ ।'

इरानले एक महत्त्वपूर्ण ऊर्जा ढुवानी मार्ग 'हर्मुजको घाँटी'मा शत्रुका जहाज आवागमनमा प्रतिबन्ध लगाइएको बताएको छ। यसले सहज आपूर्ति हुन नसक्दा तेल र ग्यासको मूल्य बढेको छ र विश्वभरका देशहरूलाई यसको असर कम गर्न उपायहरू लागू गर्न दबाब परेको छ।

आइतबार एक पोस्टमा ट्रम्पले लेख्नुभएको छ, 'हर्मुजको घाँटी खोल वा दुर्भाग्यको सामना गर्न तयार होउ ।' सोमबार इजरायलले इरानको खाडी तटमा रहेको असालुयाहस्थित इरानको सबैभन्दा ठूलो पेट्रोकेमिकल केन्द्रमा आक्रमण गरेको बताएको थियो ।

इजरायली रक्षामन्त्री इजरायली काट्जका अनुसार यो स्थलले देशको पेट्रोकेमिकल उत्पादनको लगभग ५० प्रतिशत हिस्सा ओगटेको छ, जसको मूल्य 'दशौं अर्ब डलर' हो। इरानको रिभोलुसनरी गार्डले पछिल्लो आक्रमणअघि हर्मुज 'खासगरी अमेरिका र इजरायलका लागि आफ्नो पुरानो हैसियत कहिल्यै नफर्किने बताएको थियो ।

गाड्र्सले सोमबार टेलिग्राममा पोस्ट गर्दै आफ्ना गुप्तचर प्रमुख माजिद खादेमी बिहान सबेरै अमेरिका-इजरायली आक्रमणमा मारिएको पनि पुष्टि गरेको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने, 'हामीलाई हानि पुर्याउन खोज्ने जोसुकैसँग पनि हामी पुग्न सक्छौं । यो षमता इजरायलसँग छ।" इजरायलको रक्षा मन्त्रालयले एरो मिसाइल इन्टरसेप्टरको उत्पादन पनि बढाउने बताएको छ, जुन देशको बहुस्तरीय हवाई प्रतिरक्षाको हिस्सा हो।'

हिंसा बढ्दै जाँदा लडाइँ रोक्न सम्भावित धक्काको रिपोर्टहरू बाहिर आएका छन् । अमेरिका, इजरायली र क्षेत्रीय स्रोतलाई उद्धृत गर्दै अमेरिकी समाचार वेबसाइट एक्सियोसले पाकिस्तान, इजिप्ट र टर्कीको मध्यस्थतामा ४५ दिने युद्धविरामका र थप स्थायी शान्तिका लागि वार्ताको लागि छलफल भइरहेको जनाएको छ। इजिप्टका विदेशमन्त्री बद्र अब्देलट्टीले आइतबार इजिप्टका अधिकारीहरू अमेरिकी दूत स्टिभ विटकोफ र इरानका विदेशमन्त्री अब्बास अराघचीसँग वार्तामा संलग्न रहेको पुष्टि गरेका थिए । उनको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस क्षेत्रको सैन्य अवस्थालाई नियन्त्रण गर्ने उपायबारे विचार र प्रस्तावहरू आदानप्रदान भएका छन्।'

फक्स न्यूजसँग कुरा गर्दै ट्रम्पले इरान सम्झौताको नजिक रहेको बताए पनि इरानले अमेरिका र इजरायलसँग कुनै पनि प्रकारको वार्ताको खण्डन गर्दै आएको छ । युरोपेली परिषद्का प्रमुख एन्टोनियो कोस्टाले 'कूटनीतिक समाधान' को माग गरेका छन् । 'कुनै पनि नागरिक पूर्वाधार, अर्थात् ऊर्जा सुविधाहरूलाई लक्षित गर्नु अवैध र अस्वीकार्य छ,' कोस्टाले भने ।

## परोहामा..........

ओसी महमदका अनुसार यो ४०औं वर्षको मेलालाई स्मरणीय बनाउन गाउँलेहरू उत्साहित छन् । उनले भने यो हाम्रो परम्परा र पहिचानसँग जोडिएको विषय हो । स्थानीय सबै पक्षको सहमतिमा हामीले वैशाख ५ र ६ गतेको मिति तय गरेका हौं । यस पटकको प्रदर्शन ऐतिहासिक हुनेछ । मधेश प्रदेशका विभिन्न स्थानमा मोहर्रमको अवसरमा ताजिया बनाउने र दाहा खेल्ने चलन छ । यो विशेष गरी धार्मिक तथा सांस्कृतिक एकताको प्रतिक मानिन्छ । जिङगड्वा वेलविछ्वामा हुने यस मेलामा स्थानीय कलाकारहरूले परम्परागत कौशल प्रदर्शन गर्नेछन् ।

वैशाखको चर्को गर्मीका बावजुद पनि मेलामा हजारौंको संख्यामा श्रद्धालु तथा दर्शकहरूको उपस्थिति रहने अनुमान गरिएको छ । सुरक्षा व्यवस्था र मेला व्यवस्थापनका लागि स्थानीय प्रशासनसँग पनि समन्वय भइरहेको आयोजक समितिले जनाए ।




## ग्यास सिलिन्डर विस्फोटपछि आगलागी, घर पूर्ण रुपमा जलेर नष्ट



***रौतहट, २३ चैत***

रौतहटको मौलापुर नगरपालिका-५ स्थित मछली बजार नजिक आइतबार राति ग्यास सिलिन्डर विस्फोट हुँदा भीषण आगलागी भएको छ ।

स्थानीय जगदीश साहको फुसले बनेको घरमा सिलिन्डर विस्फोट भएपछि सल्किएको आगोले घर पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट घरभित्र रहेका लत्ताकपडा, अन्नपात (धान, गहुँ, चामल) लगायत करिब दुई लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

प्रत्यक्षदर्शीका अनुसार विस्फोटको आवाज निकै ठूलो भएकाले केही समयका लागि आसपासको क्षेत्र त्रसित बनेको थियो । घटना लगत्तै इलाका प्रहरी कार्यालय मौलापुरको टोली तथा स्थानीयवासीको सक्रियतामा आगो नियन्त्रणमा लिइएको थियो ।

दुर्घटनामा कुनै मानवीय क्षति नभएको प्रहरीले पुष्टि गरेको छ । तर आगलागीबाट आफ्नो सम्पूर्ण सम्पत्ति गुमाएपछि पीडित परिवार घरविहीन बनेको छ । हाल उनीहरूका लागि अस्थायी बसोबासको व्यवस्था गरिएको जनाइएको छ ।

प्रहरीले घटनाको विस्तृत कारणबारे थप अनुसन्धान गरिरहेको जनाएको छ । यता स्थानीयवासीले पीडित परिवारलाई तत्काल राहत तथा उचित क्षतिपूर्तिको व्यवस्था गरिदिन सम्बन्धित निकायसँग माग गरेका छन् ।

## मालपोत र नापी कार्यालयमा बिचौलिया प्रवेश निषेध, परिचयपत्र अनिवार्य




***काठमाडौँ, २३ चैत***

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले देशभरका मालपोत तथा नापी कार्यालयहरूमा बिचौलियाको प्रवेश पूर्ण रूपमा नियन्त्रण गर्न कडा निर्देशन जारी गरेको छ । मन्त्री प्रतिभा रावलको निर्देशनपछि सचिवस्तरीय निर्णयमार्फत सम्बन्धित निकायलाई अबदेखि परिचय खुल्ने आधिकारिक कागजातका आधारमा मात्र सेवाग्राहीलाई कार्यालयभित्र प्रवेश गराउन भनिएको हो ।

मन्त्रालयका अनुसार विभिन्न बहानामा बिचौलियाहरू कार्यालयभित्र प्रवेश गरी संवेदनशील कागजात तथा स्रेस्तामा पहुँच राख्ने गुनासो बढ्दै गएपछि यस्तो कदम चालिएको हो । नयाँ व्यवस्थाअनुसार परिचयपत्र नभएका व्यक्तिलाई कार्यालय परिसरमा प्रवेश नै निषेध गरिनेछ । निर्देशनमा कार्यालयभित्र अनधिकृत व्यक्तिको पहुँच नियन्त्रण नगरे सम्बन्धित कार्यालय प्रमुख नै जिम्मेवार हुने स्पष्ट चेतावनी दिइएको छ । यसले सेवाप्रवाहमा पारदर्शिता कायम गर्न तथा भ्रष्टाचार नियन्त्रणमा टेवा पुग्ने विश्वास मन्त्रालयले व्यक्त गरेको छ। सरकारको यो निर्णयसँगै सेवाग्राहीले अनावश्यक झन्झट र बिचौलियाको दबावबिना आफ्ना कागजात पेश गरी सहज रूपमा सेवा लिन सक्ने अपेक्षा गरिएको छ । साथै, सरकारी कार्यालयहरूमा सुशासन प्रवर्द्धन र सेवा प्रणालीलाई व्यवस्थित बनाउने दिशामा यो कदम महत्वपूर्ण मानिएको छ ।

**जनहितमा जारी सन्देश**

- लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार
- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

करैयामाई गाउँपालिका
करैया, बारा

**जनहितमा जारी सन्देश**

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

परवानीपुर गाउँपालिका
परवानीपुर, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# पोखरिया मालपोत कार्यालयबाट १३ करोड भन्दा बढी राजस्व संकलन, सेवाग्राही सन्तुष्ट

*राजन कुमार बानिया*
*पर्सा, २३ चैत*







पर्साको पोखरिया नगरपालिकामा सञ्चालनमा रहेको मालपोत कार्यालय पोखरियाले हालसम्म १३ करोड ४५ लाख १० हजार १५५ रुपैयाँ राजस्व संकलन गरेको छ। कार्यालय प्रमुख रामजी साहका अनुसार २०८१ चैत १५ गतेदेखि सञ्चालनमा आएको उक्त कार्यालयबाट एकद्वार प्रणालीमार्फत सेवा प्रवाह हुँदै आएको छ।

कार्यालयका अनुसार २०८१ चैत १५ गतेदेखि चालु आर्थिक वर्षको असारसम्म विभिन्न शीर्षक–जस्तै मुद्दा फाँट, राजस्व रजिस्ट्रेसनलगायतबाट ३ करोड ९९ लाख ४४ हजार १६० रुपैयाँ राजस्व संकलन भएको थियो। त्यसैगरी आर्थिक वर्ष २०८२/०८३ मा ९ करोड ४५ लाख ६५ हजार ९९५ रुपैयाँ संकलन भई हालसम्म कुल राजस्व १३ करोड ४५ लाख १० हजार १५५ रुपैयाँ पुगेको प्रमुख साहले जानकारी दिए।

प्रमुख साहका अनुसार कार्यालयमा कुनै पनि प्रकारको नगद कारोबार हुँदैन। सेवाग्राहीले तिर्नुपर्ने सम्पूर्ण राजस्व राष्ट्रिय वाणिज्य बैंकको राजस्व खातामा जम्मा गरी भौचर पेश गर्नुपर्छ। एक रुपैयाँ कम भए पनि प्रणालीले स्वीकार नगर्ने र सबै विवरण कम्प्युटर प्रणालीमार्फत रुजु हुने व्यवस्था रहेको उनले बताए। राजस्वसम्बन्धी सम्पूर्ण विवरण अनलाइन प्रणाली तथा सुरक्षित अभिलेखमा राखिने भएकाले पारदर्शिता कायम भएको उनको भनाइ छ।

पोखरियामा मालपोत कार्यालय नहुँदा यस क्षेत्रका सेवाग्राहीहरूलाई वीरगञ्ज पुगेर काम गर्नुपर्ने बाध्यता थियो। त्यसले समय र खर्च दुवै बढ्ने गरेको थियो।

तर अहिले स्थानीय स्तरमै सेवा उपलब्ध भएपछि सहजता आएको सेवाग्राहीहरूको भनाइ छ।

धोबिनी गाउँपालिका-४, लंगडीका लालबाबु जिम्दारका अनुसार अहिले घरबाटै आएर छिटो र कम खर्चमा काम सम्पन्न गर्न सकिने भएको छ। यस्तै, पोखरिया निवासी जितेन्द्र पटेलले पनि राजस्व आफैं बैंकमा बुझाएर भौचर पेश गरेपछि काम सहज रूपमा हुने भएकाले झन्झट हटेको बताए। स्थानीय स्तरमै पारदर्शी र प्रविधिमैत्री सेवा सुरु भएसँगै सेवाग्राही सन्तुष्टि बढ्दै गएको कार्यालयले जनाएको छ।

# ५ किलो गाँजासहित दुई जना पक्राउ, भारतीय मोटरसाइकल नियन्त्रणमा

हरि किशोर शर्मा
पर्सा , २३ चैत



पर्साको सखुवा प्रसौनी गाउँपालिकास्थित महुवन बजारबाट प्रहरीले अवैध लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको टोलीले सोमबार बिहान विशेष सूचनाको आधारमा उनीहरूलाई नियन्त्रणमा लिएको हो।

प्रहरी निरीक्षक प्रदीप पौडेलको नेतृत्वमा खटिएको टोलीले महुवन बजार क्षेत्रमा निगरानी बढाएको क्रममा बिहान करिब ७ बजे शंकास्पद रूपमा गुडिरहेको भारतीय नम्बर प्लेटको मोटरसाइकल रोकी चेकजाँच गरेको थियो। सो क्रममा लुकाइछिपाइ ल्याइएको ५ किलो २०० ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा सखुवा प्रसौनी गाउँपालिका-५ निवासी ३१ वर्षीय मोहीचन यादव र पर्सागढी नगरपालिका-९ एटांगा निवासी ४० वर्षीय बैजनाथ यादव रहेका छन्। उनीहरूको साथबाट बीआर ०५ वाई ८५३४ नम्बरको भारतीय मोटरसाइकल समेत बरामद गरिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार पक्राउ परेका दुवै जनालाई पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी हिरासतमा राखिएको छ। उनीहरूमाथि लागूऔषध नियन्त्रण ऐन अन्तर्गत थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# कार्यालय समय पालना अनुगमन गर्न नौ जिल्लामा टोली परिचालन

काठमाडौँ , २३ चैत




राष्ट्रिय सतर्कता केन्द्रले सरकारको शासकीय सुधार कार्यक्रम अन्तर्गत कार्यालय समय पालना तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अनुगमन गर्न राजधानीबाहिर नौ जिल्लामा टोली परिचालन गरेको छ।

केन्द्रका प्रवक्ता नारायणप्रसाद भट्टका अनुसार आजदेखि लागू गरिएको परिमार्जित कार्यालय समय बिहान ९:०० बजेदेखि साँझ ५:०० बजेसम्म कायम गरिएको छ। परिचालित टोलीहरूले कार्यालय समयको पालना, कर्मचारीको नियमित उपस्थिति, तोकिएको कार्यसम्पादनको अवस्था तथा सेवाग्राहीका काम समयमै सम्पन्न भए/नभएको विषयमा छड्के अनुगमन गरिरहेका छन्।

सहसचिव भट्टले अनुगमनका क्रममा कुनै पनि कार्यालयमा ढिलासुस्ती वा सेवा अवरोध भेटिएमा तत्काल सुधारका लागि निर्देशन दिइने बताए। साथै, भ्रष्टाचार वा नियमविपरीतका गतिविधि फेला परेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सूचनासहित पठाउने प्रक्रिया अगाडि बढाइने जानकारी दिएका छन्।

केन्द्रले सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा सहज बनाउने तथा भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राख्दै आफ्नो स्रोत र जनशक्ति परिचालन गरेको जनाएको छ। उपत्यकासहित विभिन्न मन्त्रालय, विभाग तथा सरकारी निकायहरूमा दैनिक रूपमा समय पालना, फाइल ट्र्याकिङ तथा सेवा प्रवाहको निगरानी गर्दै छड्के प्रतिवेदन तयार गर्ने कार्य निरन्तर जारी रहेको केन्द्रले जनाएको छ।

# भन्सार छलीका लाखौँका सामान सहित दुईवटा मोटरसाइकल बरामद

*शु. आ. सम्बाददाता*
*रौतहट, २३ चैत*



जिल्ला प्रहरी कार्यालय रौतहटले अवैध रूपमा भन्सार छली गरी नेपाल भित्र्याइएका ठुलो परिमाणका लत्ताकपडा र दुईवटा मोटरसाइकल नियन्त्रणमा लिएको छ। जिल्लाको सीमावर्ती क्षेत्रबाट हुने तस्करी नियन्त्रण गर्ने अभियान अन्तर्गत प्रहरीले उक्त सफलता हात पारेको हो।

जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका इकाईहरूबाट खटिएको विशेष प्रहरी गस्ती टोलीले आइतबार अपराह्न साढे ४ बजेको समयमा उक्त अवैध सामान बरामद गरेको हो। ईशनाथ नगरपालिका वडा नं ४ स्थित सडकखण्डमा भारतबाट लुकिछिपी भन्सार छलेर ल्याउँदै गरेका लत्ताकपडाहरू प्रहरीले फेला पारेको थियो।

तस्करहरूले ना.९ प ६५५९ नम्बरको हिरो स्पेलेण्डर र नम्बर नखुलेको अर्को सुपर स्पेलेण्डर मोटरसाइकलमा बोराका बोरा कपडाहरू लोड गरी नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा प्रहरी टोलीलाई देखेपछि सामान छाडेर फरार भएका थिए।

प्रहरीका अनुसार बरामद गरिएका विभिन्न किसिमका लत्ताकपडाहरू र दुईवटा मोटरसाइकलको बजार मूल्य करिब रु. २,५०,२००/- दुई लाख पचास हजार दुई सय बराबर रहेको छ। बरामद सामानहरूको सूची हिरो स्पेलेण्डर मोटरसाइकल: १ थान ना.९ प ६५५९ सुपर स्पेलेण्डर मोटरसाइकल: १ थान नम्बर नखुलेको जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी एवं प्रहरी निरीक्षक जीवन कुमार मैनालीका अनुसार नियन्त्रणमा लिइएका सबै सामान र मोटरसाइकलहरूलाई आवश्यक कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ।

सीमा क्षेत्रमा हुने अवैध तस्करी र चोरी पैठारीलाई निरुत्साहित गर्न प्रहरीले निगरानी बढाएको छ, प्रहरी निरीक्षक मैनालीले जनाए । प्रहरीले फरार रहेका तस्करहरूको खोजी कार्य समेत तीव्र पारेको जनाए।

रौतहट प्रहरीले पछिल्लो समय सीमा सुरक्षा र राजस्व चुहावट नियन्त्रणमा सक्रियता देखाउँदै आएको छ, जसका कारण दैनिकजसो अवैध सामानहरू बरामद भइरहेका छन्।

# परोहामा दुई दिने ऐतिहासिक ४०औँ 'दाहा ताजिया मेला हुने, स्थानीयमा उत्साह

*शु आ. सम्बाददाता*
*रौतहट, २३ चैत*



जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत पर्ने परोहा नगरपालिकामा यस वर्ष भव्य रूपमा दाहा ताजिया मेला आयोजना हुने भएको छ। परोहा नगरपालिका वडा नं. १ र २ स्थित जिङगड्वा वेलविछवामा ४०औँ संस्करणको यो ऐतिहासिक मेला आगामी वैशाख ५ र ६ गते सञ्चालन हुने निर्णय गरिएको हो।

अरबी पात्रोको पहिलो महिना मोहर्रम को उपलक्ष्यमा परापूर्वकालदेखि मनाइँदै आएको यो मेला यस पटक विशेष हुने स्थानीयले बताएका छन्। विशेषगरी गाउँलेहरूले यस वर्षको मेलामा अन्तिम पटक सामूहिक रूपमा दाहा प्रदर्शन गर्ने र त्यसपछि यसलाई विसर्जन गर्ने तयारी गरेकाले पनि यसको महत्त्व अझ बढेको छ।

मेलालाई भव्य र मर्यादित रूपमा सम्पन्न गर्नका लागि स्थानीय अगुवा, सामाजिक कार्यकर्ता तथा सरोकारवालाहरूको सर्वपक्षीय बैठकले सहमति जुटाएको हो। सामाजिक सद्भाव र सांस्कृतिक परम्परालाई जगेर्ना गर्ने उद्देश्यले आयोजना हुन लागेको यस कार्यक्रमका लागि विभिन्न उप-समितिहरू समेत गठन गरिएका छन्।

स्थानीय सामाजिक अभियन्ता शेख

*बाँकी तेश्रो पृष्ठमा*

# सरकारी विज्ञापन नीति खारेज गर्न पत्रकार महासंघको माग

*काठमाडौँ, २३ चैत*

नेपाल पत्रकार महासंघले सरकारी विज्ञापनसम्बन्धी हालैको निर्णयप्रति आपत्ति जनाउँदै तत्काल खारेज गर्न माग गरेको छ।

महासंघले प्रेस विज्ञप्ति जारी गर्दै सरकारद्वारा सञ्चारमाध्यममा वितरण गरिँदै आएको विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयले स्वतन्त्र पत्रकारिता र निजी सञ्चार क्षेत्रलाई कमजोर बनाउने जनाएको छ। महासंघका अनुसार यस्तो निर्णयले सञ्चार क्षेत्रमाथि अनावश्यक दबाब सिर्जना गर्नुका साथै लोकतान्त्रिक मूल्य र मान्यताविपरीत कार्य हुने खतरा रहेको छ।

महासंघका महासचिव रामप्रसाद बहालद्वारा हस्ताक्षरित विज्ञप्तिमा निजी तथा सामुदायिक सञ्चारमाध्यमको आर्थिक आधार कमजोर बनाउने, रोजगारीमा असर पार्ने तथा सूचना प्रवाहमा असन्तुलन ल्याउने जोखिम औंल्याइएको छ।

विज्ञप्तिमा उल्लेख गरिएअनुसार उक्त निर्णयले विशेषगरी रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन माध्यमहरूलाई प्रत्यक्ष असर पार्नेछ। यसबाट हजारौँ सञ्चारकर्मीको रोजगारी जोखिममा पर्ने महासंघको ठहर छ।

महासंघले सरकारसमक्ष चार बुँदे माग अघि सार्दै उक्त निर्णय तत्काल फिर्ता लिन, विज्ञापन वितरण प्रणाली पारदर्शी र समावेशी बनाउन तथा निजी र सामुदायिक सञ्चारमाध्यमलाई संरक्षण गर्ने दीर्घकालीन नीति ल्याउन आग्रह गरेको छ।

साथै, सञ्चारसम्बन्धी कुनै पनि नीतिगत निर्णय गर्दा सरोकारवालासँग अनिवार्य परामर्श गर्नुपर्ने व्यवस्था गर्न पनि महासंघले जोड दिएको छ।

**समाजिक सञ्जालको दुरुपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका